मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.:सूचना(३८)
प.सं.:२०८२/८३

## नदिजन्य पदार्थ विक्रीका लागी वोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२८)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १४ को व्यवस्था बमोजिम तपसीलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८१/०८२को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही इलेक्ट्रोनिक बोलपत्र (e-bidding) प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

### तपसील

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खन्न परिमाण (घन फुट) | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर सहित) | बोलपत्र दस्तुर (रु.) | वोलपत्र दर्ता र खोल्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | MMEB6/NCB/ RMCW-03/2082-083 | भुवाचिदी वरिपरि, इन्द्रगौडा बगर मुसिकोट नगरपालिका (वडा नं. ४, ५, ६) | 302482 | 2050828 | 3000 | e-GP प्रणाली अनुसार | |

**शर्तहरु:**

१. फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा ग्लोबल आई.एम्.ई. बैङ्क वामीटक्सार शाखा कार्यालयमा रहेको यस कार्यालयको ग.१.१. आन्तरिक राजश्व खाता नं. ०७२०४०१००००००४ मा नगद जम्मा गरेको नगद भौचर साथ सार्वजिनक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np वाट वोलपत्र सम्वन्धी कागजात डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. e-GP मा उल्लेख भएबमोजिमको धरौटी रकम यस कार्यालयमा रहेको धरौटी खाता नं. ०७२०४०१००००००२ जम्मा गरी सोको सक्कल बैंक भौचर वा बैङ्क ग्यारेन्टी नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड विद्युतीय खरिद प्रणालीमा अपलोड गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा तोकिए अनुसार सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई विद्युतीय खरिद प्रणालीमा अपलोड गर्नु पर्नेछ।

४. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र

च.नं.:
प.सं.:२०८२/८३

खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र मूल्यांकन गर्दा कुनै कैफियत देखिएमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम यस कार्यालयको ग्लोबल आइ एम इ वैक वामीटक्सारमा रहेको ग.६.१. स्थानीय विभाज्य कोष खाता खाता नं. ०७२०४०१०००००१४ मा जम्मा गर्नुपर्नेछ। दोस्रो किस्ताबापत ३० प्रतिशत रकम फाल्गुण मसान्त सम्म र तेश्रो किस्ताबापतको रकम २० प्रतिशत बैशाख मसान्तसम्ममा बुझाउनुपर्ने छ।

७. तोकिएको समय सिमा भित्र किस्ता रकम दाखिला नभएमा किस्ता रकमको प्रतिदिन ०.०५ प्रतिशत थप रकम लाग्ने छ। साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। अग्रिम आयकर, मु अ क बाहेकको कबोल रकमको १.५ प्रतिशत थप रकमको रुपमा दाखिला गर्नु पर्नेछ।

८. नियमानुसार नेपाल सरकारलाई अग्रिम आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ। तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

०८२/०६/२४
मुना ज्ञवाली
नि. प्रमुख प्रशासकीय अधिकृत